नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## मकवानपुर

फोन नं :- ०५७-५२०४९५
फ्याक्स नं :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या :-०७६/७७ मिति:- २०७६/१२/१८

च.नं. :-

### जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अत्यन्त जरूरी सूचना

अत्यावश्यक सेवा सञ्चालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमतिपत्र सम्बन्धमा देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यस कार्यालयबाट यस अघि जारी भएका सबै पास निष्कृय भएको ।

२. अत्यावश्यक सेवा सञ्चालनका लागि सवारी साधन अनुमति पत्र माग गर्दा सम्बन्धित विभाग/कार्यालय/निकायले नामावली संकलन गरी जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ । उक्त सिफारिसका आधारमा कार्यालयले आवश्यकता अनुसार सवारी साधन अनुमति पत्र जारी गरी सम्बन्धित व्यक्ति/निकाय/कार्यालय/विभागमा वितरणका लागि उपलब्ध गराउनेछ ।

३. प्रदेश मन्त्रालय तथा प्रदेश सचिवालयमा कार्यरत कर्मचारी तथा प्रयोग हुने सवारी साधनको हकमा सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयबाट सवारी साधन अनुमतिपत्र जारी गर्ने र वितरणका लागि सम्बन्धित मन्त्रालयमा उपलब्ध गराउने ।

४. अत्यावश्यक वस्तु तथा सेवाको भन्सार क्लियरेन्सका लागि सम्बन्धित भन्सार कार्यालयको सिफारिसका आधारमा भन्सार एजेन्ट/कर्मचारी/आपूर्तिकर्ताले प्रयोग गर्ने गरी सवारी साधन अनुमतिपत्र जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउनेछ ।

५. स्वास्थ्य सेवा, विवरण संकलन तथा राहत वितरणमा संलग्न स्थानीय तहका जनप्रतिनिधिहरूलाई सम्बन्धित पालिकाको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयले सवारी साधन अनुमतिपत्र उपलब्ध गराउने छ ।

६. अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन विक्री वितरण तथा भण्डारणमा कार्यरत कामदार कर्मचारीलाई सम्बन्धित प्रतिष्ठानले सवारी साधन उपलब्ध गराउनुपर्नेछ । प्रतिष्ठानको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयले अनुमतिपत्र उपलब्ध गराउनेछ ।

७. बिरामी/सुत्केरीलाई अस्पताल लैजांदा र फर्काउँदा, मृतकको हकमा दाहसंस्कारको लागि घाटसम्म लैजांदा, साथै अन्य मानवीय उद्दारका कार्यमा आवश्यकता र औचित्यता समेत विचार गरी जिल्ला प्रशासन कार्यालयले सवारी साधन अनुमतिपत्र उपलब्ध गराउनेछ ।

### <u>सवारी साधन अनुमतिपत्र आवश्यक नपर्ने</u>

१. एम्बुलेन्स, शववाहन, दमकल ।

२. झण्डावाल सवारी ।

३. कूटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरू ।

४. प्रेस पास प्राप्त सञ्चारकर्मीहरू ।

५. स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फर्मासिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरू, औषधि उत्पादन ढुवानी र विक्रिवितरणमा संलग्न हुने जनशक्तिहरू ।

६. खानेपानीको मर्मत सम्भार र वितरणमा संलग्न जनशक्ति ।

७. फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति ।

८. ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति ।

९. अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधनहरू ।

०७६।१२।१८

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी